स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विवाहअघि अभिनेत्री प्रियंका कार्कीको व्यस्तता फिल्ममा बढी थियो । त्यसपछि भने उनले विरलै फिल्म गरेकी छन्। बरु म्यूजिक भिडियो र रियालिटी शोमा व्यस्तता देखिन्छ। चाँडै फिल्म 'माइली'मा काम गर्ने तयारीमा रहेकी उनले करिअरको सुरुवातदेखि नै हिरोइन मात्र भएर देखिने अडान लिएको देखिँदैन। फिल्ममा कहिले आमा त कहिले बुहारीको भूमिका निभाउँदै आइरहेकी छन् । कलालाई 'यो खेल्छु र यो खेल्दिनँ' भनेर आफूले कहिल्यै नहेर्ने उनको भनाई छ ।

आजको विचार...



सोच... (दुई पेजमा)

केशव खतिवडा

अभिनेत्री अनु शाहले झन्डै ५ वर्षपछि कमब्याक गरेको फिल्म 'ईश्वर'ले शुक्रबारबाट व्यावसायिक प्रदर्शन सुरु गरेको छ । उनी यो फिल्म सफल हुनैपर्ने दबाबमा छिन्। किनकि, सन् २०१५ मा आएको 'भैरव'पछि उनका एउटै फिल्म सफल छैनन्। जसले गर्दा उनको करिअर नै संकटग्रस्त अवस्थामा छ । 'ईश्वर'ले व्यावसायिक सफलता हासिल गरेको खण्डमा उनलाई ठूलो राहत मिल्नेछ । मल्टीप्लेक्सहरुमा न्यून शोज पाएको यो फिल्मलाई विदेशी फिल्महरु चुनौतीको रुपमा छन् ।



❐ वर्ष ३० ❐ अंक १२ ❐ २०८१ साउन १२ गते शनिबार 27 July 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### चीनमा तीन लाख विस्थापित

(रासस/एएफपी)

**बेइजिङ,** ११ साउन/चीनमा आएको गेमी आँधीका कारण करिब तीन लाख मानिस विस्थापित भएका छन् । विस्थापितलाई शुक्रबार चिनियाँ अधिकारीले सुरक्षित स्थानमा स्थानान्तरण गरेका छन् । हावाहुरीसँगै परेको बर्षाले पूर्वी चीनमा बिहीबार सार्वजनिक यातायात स्थगित भएका थिए भने ताइवानमा पाँच जनाको मृत्यु भएको छ ।

आठ वर्षमा ताइवानमा आएको सबैभन्दा शक्तिशाली आँधीका कारण बिहीबार ताईवानका केही सहरी भागहरूमा बाढी र डुबानको समस्या आएको छ । फिलिपिन्सको ताइवानतर्फ जाने बाटोमा आँधी र बर्षाका कारण ठाउँठाउँमा पहिरो गएको छ भने यसका कारण २० जनाको मृत्यु भएको छ । फिलिपिन्सको मनिलामा बिहीबार १४ लाख लिटर तेल बोकेको ट्याङ्कर समुद्रमा डुबेपछि ईन्धनको प्रदूषण फैलिनबाट रोक्ने पहलहरू गरिएको छ । उक्त ट्याङ्कर बिहीबार बिहान चीनको पूर्वी फुजियान प्रान्तमा जाने क्रममा दुर्घटना भएको सरकारी सञ्चार माध्यमले जनाएको छ । चिनियाँ अधिकारीहरूले भारी वर्षा र गेमी नाम दिइएको चक्रवातले विपत्ति निम्त्याउन सक्ने चेतावनी बिहीबार नै दिएका थिए ।

# पाल्पाका उद्योगी–व्यवसायीलाई कर शिक्षा

## व्यवहारिक कर प्रणाली बनाउन माग



रामचन्द्र रायमाझी

**पाल्पा,** साउन ११/जिल्लाका उद्योगी-व्यवसायीहरुका लागि तानसेनमा कर सम्बन्धी शिक्षा दिइएको छ । उद्योगी व्यवसायीहरुलाई कर शिक्षा र कानुनी व्यवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले पाल्पा उद्योग वाणिज्य संघको आयोजना र करदाता सेवा कार्यालय पाल्पाको सहयोगमा शुक्रबार कर शिक्षा प्रदान गरिएको हो ।

कर शिक्षा सम्बन्धी जानकारी नहुँदा व्यवसायीले समस्या झेल्नु परेको अवस्थामा सचेतनाका लागि कर शिक्षा प्रदान गरिएको पाल्पा उद्योग वाणिज्य संघले जनाएको छ । नेपाल सरकारले व्यवस्था गरेका वर्तमान कर-राजस्व नीति तथा व्यवस्थाको सन्दर्भमा व्यवसायीलाई जानकारी गराइएको हो । सरकाले भ्याट विलमा एचएस कोर्ड प्रणाली अनिवार्य गरेपछि अन्योलमा रहेका उद्योगी-व्यवसायीलाई कर शिक्षामार्फत जानकारी गराइएको छ । करदाता सेवा कार्यालयका कर अधिकृत सन्तोष सुवेदीले कर सम्बन्धी जानकारी, करका प्रकार, बीजक एवं एचएस कोड सम्बन्धी जानकारी, आर्थिक ऐन २०८१/०८२ ले ल्याएका छुट सुविधा सम्बन्धी जानकारी, कर किन तिर्ने ? कर नतिरे के हुन्छ ?, पान भनेको के हो ?, पानका प्रकार, आय विवरणका प्रकार, आय करका दरहरु, व्यसायीहरुले हिसाब किताब कसरी राख्ने, दर्ता बिना व्यवसाय सञ्चालन गर्दा हुने कारवाही, मिसम्याचको समस्या, कर कसरी तिर्ने, कहिले तिर्ने, भ्याटको काम गर्दा ध्यान दिनुपर्ने विषय र व्यवसायलाई पर्ने समस्या लगायतका करसम्बन्धी विभिन्न जानकारी गराएका थिए । अधिकांश व्यवसायीले सरकारले लागु गर्न खोजेको कर प्रणाली व्यवहारिक नभएको गुनासो गरेका थिए । आफुहरु सरकारलाई कर तिर्न उत्सुकता भएपनि झन्झटीलो परिपाटीले गाह्रो हुने गरेको व्यवसायीहरुले बताएका थिए । सहज र सरल प्रणाली लागु गर्न सकेमा साना व्यवसायीलाई करको मुलधारमा ल्याउन सहज हुने उनीहरुले बताए । पोके व्यापारीहरुका कारण समेत आफुहरु जस्ता व्यवसायी समस्यामा परेकाले बोके व्यवसायी करको उचित खोजी नीति गरिनुपर्नेमा समेत सहभागीहरुले जोड दिए । सहभागी व्यवसायीले उठाएका जिज्ञासाको कर अधिकृत सुवेदीले जवाफ दिएका थिए । सरकारले ल्याएको कर प्रणाली अत्यन्तै सरल छ, तर व्यवसायी कर कार्यालय सम्म पुग्नै चाहानु हुदैन उनले भने,'विचौलियाका कारण कर प्रणाली झन्झटिलो महशुष भएको होला ।' खरिद र बिक्रिको हिसाब किताव राम्रो सगँ राखेर आएको फाइदाको कर तिर्न किन बिचौलियाको प्रयोग गर्ने ? सुवेदीलेले व्यवसायीलाई भने । बर्षको एक पटक कर कार्यालयमा गएर आफ्नो खाता हेर्ने परिपाटीको बानी बसाल्न सक्ने हो भने कर के हो भन्ने सबैलाई थाहा हुने उनले बताए । अब किन्नेले पनि विल लिने र बिक्रि गर्नेले पनि विल दिने काम गर्नु होला सुवेदीले भने,'किन्ने र खरिद गर्ने दुवैले बिलको कारोवार नभएमा दुवैलाई सजायको व्यवस्था छ ।' त्यसैले अनिवार्य खरिद बिक्रिमा विलको प्रयोग गर्न उनले सहभागीलाई सुझाए । कर अधिकृत सुवेदीले आफुले गरेको व्यवसायको हिसाब-किताब चुस्त दुरुस्त राख्न करदाताहरुलाई आग्रह गरे । आफ्नो व्यवसायको कर अधिकृत स्वंय आफै रहेकाले करसम्बन्धी जानकारी आफैले लिनुपर्ने उनको भनाई छ । कर अधिकृत सुवेदीले सरकारले अहिले कर सम्बन्धी छुट ल्याएकाले त्यसको उपयोग गर्न समेत उद्योगी, व्यवसायीहरुलाई आग्रह गरे । उनले स्थायी लेखा नम्वर लिई आय विवरण बुझाउन बाँकी रहेका करदाताले २०७९/०८० सम्मको आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोको व्याजको २५ प्रतिशत हुने रकम २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा हुने, विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्वर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्वरलिई आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को आय विवरण र सोमा लाग्ने कर २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा व्याज समेत मिनाहा हुने बताए । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले उद्योगी व्यवसायहरुलाई करका बारेमा भएका अन्यौलताहरु हटाउन र कर तिर्न उत्प्रेरित गर्न कर शिक्षाले महत्वपूर्ण टेवा पुग्नेमा विश्वास व्यक्त गरे । उनले करको बारेमा नबुझ्दा व्यवसायमा समस्या हुने गरेकाले बेला-बेलामा संघले उद्योगी व्यवसायीहरुलाई कर सम्बन्धित निकायसँग सहकार्य गरी कर शिक्षा दिँदै आएको बताए । सरकारको नीतिका कारण उद्योगी, व्यवसायीहरु पलायन हुनुपर्ने अवस्था आएकाले त्यसका विरुद्ध संघले बेला बेलामा सरकारलाई दवाब सिर्जना गर्दै आएको अध्यक्ष भट्टराईले उल्लेख गरे । उनले भने 'हरेक नाममा व्यवसायीलाई दुख दिने काम सरकारबाटै भएको छ , त्यसका विरुद्ध हामी गम्भीर भएर लागेका छौं ।' स्थानीय सरकारले समेत राजस्व सम्बन्धी विषयमा बुझ्ने र बुझाउन नसक्दा व्यवसायीहरु थप समस्यामा पर्ने गरेको पनि अध्यक्ष भट्टराईले बताए । उनले भने 'पेट काटेर कर तिर्ने हामी आफै समस्यामा छौं तर सरकारले हामीलाई नै वेवास्ता गरेको छ ।' संघका निवर्तमान अध्यक्ष राजु महर्जनले व्यवसायीहरु कर तिर्न तयार भए पनि सरकारले उचित वातावरण सिर्जना गर्न नसकेको गुनासो गरे । उनले प्रश्न गर्दै भने 'व्यापारी कर तिर्न तयार छन् तर उचित वातावरण सिर्जना छैन्, सरकारले कर करले होइन रहरले तिर्नु पर्ने वातावरणमा बनाउनु पर्दैन ?' अञ्जानमा भ्याट अपडेट हुन नसके राजस्व कार्यालयले दुख दिने गरेको महर्जनको भनाई छ । 'जतातते करै कर लिने तर ब्यापार घाटाले व्यसायी नै पलायन हुनुपर्ने अवस्था सिर्जना हुँदा समेत सरकारले ध्यान दिँदै कस्तो लाजमर्दो कुरा हो' उनले भने । कार्यक्रम संघका अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षता, उपाध्यक्ष उत्तम कुमार बज्राचार्यको धन्यवाद, कोषाध्यक्ष विनय महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बेपत्ता पुरुष खोलामा मृत फेला



**गुल्मी,** साउन ११/जिल्लाको निस्ती खोलाले बगाएर बेपत्ता भएका पुरुष मृत फेला परेका छन् । जिल्लाको मुसिकोट नगरपालिका -२ का ३१ वर्षीय बोमबहादुर कार्की मुसिकोट -४ दोभानस्थित छल्दी खोला किनारमा मृत फेला परेका हुन् ।

उनी निस्ती खोला तर्ने क्रममा साउन ५ गते बेपत्ता भएका थिए । कार्की इस्मा गाउँपालिका -१ स्थित खेतबाट फर्किएर खोला तर्ने क्रममा बेपत्ता भएका थिए । उनको नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले खोज्ने क्रममा खोला किनारमा शव फेला पारिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक (डिएसपी) शंकर पोखरेलले बताए ।

उनी मुसिकोट नगरपालिका वडानम्बर-१ अरेवा घर भई हाल वडा नम्बर-२ निस्तीस्थित मामाघरमा बस्दै आएका थिए । शवको पोष्टमार्टमपछि आफन्तको जिम्मा लगाइएको छ ।

## मौद्रिक नीति सार्वजनिक

# बैंकदर घटाउनेदेखि वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋण

**पाल्पा,** साउन ११/नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको छ । गभर्नर महाप्रसाद अधिकारीले शुक्रबार मौद्रिक नीति सार्वजनिक गरेका हुन् ।

उनले सार्वजनिक गरेको मौद्रिक नीतिमा बैंकदर र निक्षेप संकलनदर घटनाउनेदेखि वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋृण उपलब्ध गराईने भएको छ । नयाँ मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंकदर र निक्षेप संकलनदर घटाएको हो । 'ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दर पाँच दशमलव पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गरिएको छ', मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर अधिकारीले भने । ब्याजदर करिडरको तल्लो सीमाका रुपमा रहेको तीन प्रतिशतको निक्षेप संकलन दरलाई भने यथावत् राखिएको छ । बैंकदरमा स्थायी तरलता सुविधा प्रदान हुने व्यवस्थालाई निरन्तरता दिँदै स्थायी तरलता उपलब्ध हुने शर्तहरुलाई लचिलो बनाइने राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ । यस्तै मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋृण उपलब्ध गराइने भएको छ ।




-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## हैजाबाट बच्न सावधानी अपनाऔं

देशको संघीय राजधानी काठमाडौंमा अहिले हैजाका विरामी बढ्दै गएका छन् । निरन्तर हैजाका बिरामी बढेसँगै सचेचना अपनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अपील गरेको छ । तर के के गर्दा के हुन्छ भन्नेतर्फ खासै चाँसो न त सम्बन्धित निकायलाई छ न त सर्वसाधारणलाई नै ।

यसको प्रमुख कारण दूषित पानी र खानेकुरा नै हो । वर्षाको समय भएकाले पानीका मुहानहरु दूषित हुने गर्दछन् । यस्तो दूषित पानी पिउनाले हैजासहित विभिन्न रोगहरु लाग्ने गर्दछ । यो समयमा खानपिन तथा सरसफाइमा विशेष ध्यान दिनुपर्छ । केही वर्षअघि जाजरकोट र कपिलवस्तु जिल्लामा फैलिएको हैजा नियन्त्रण गर्न निकै हम्मे परेको थियो । नियन्त्रणका लागि खोपकै प्रयोग गर्नु परेको स्मरणीय छ । यद्यपि हैजाविरुद्धको खोपको प्रभावकारिता ७० प्रतिशत मात्रै हुने भएकाले खोपसँगै सरसफाइमा ध्यान दिनु आवश्यक छ । सफा पानी पिउने, शौचालयको प्रयोग, हात धुने जस्ता कार्यमा सचेत नभएसम्म हैजाको प्रकोप फैलिन सक्ने डर सधैं रहन्छ । काठमाडौंसहित अन्य जिल्लाहरुमा पनि हैजाको महामारी देखिन सक्ने जोखिम छ ।

हैजा विशेषा गरी 'भिब्रियो कोरेला' नामक ब्याक्टेरियाका कारण लाग्ने अति सङ्क्रामक झाडापखाला हो । हैजा संक्रमण भएको एक सातासम्ममा लक्षणहरू देखा पर्छन् । पातलो (चौलानी)जस्तो दिसा हुन्छ । वाकवाकी लाग्ने, वान्ता हुने र कडा जलवियोजन हुन्छ । कडा जलवियोजन हुँदा आँखाभित्र गड्ने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, तीर्खा, थकाई लाग्ने, छाला सुक्खा हुने, पिसाब पहेंलो रंगको हुने, चिडचिडापन हुने लगायतका लक्षणहरू देखिन्छन् । सरुवा रोग विशेषज्ञहरूका अनुसार, यो रोगबाट मानिसहरूमा अति शीघ्र कडा जलवियोजन भएर बेलैमा उपचार नपाउँदा बिरामीको मृत्यु समेत हुने गर्छ ।

खास गरी हैजा दूषित पानी, बासी तथा सडेगलेका खानेकुरा, काँचा खानेकुरा एवं सङ्क्रमित व्यक्तिले चलाएका सरसामानको माध्यमबाट सर्छ । झाडापखाला निरन्तर लाग्ने हुँदा शरीरमा पानीको मात्रा घटेर केही घण्टाभित्रै ज्यान जाने जोखिम हुन्छ । यस्तो अवस्थामा पानीलाई सकेसम्म उमालेर पिउने, यदि त्यस्तो सम्भावना नभएमा पीयूष तथा अक्वा ट्याब्सजस्ता क्लोरिन हाली उमालेर खानुपर्दछ । यति मात्र नभई बर्सादको समयमा खानेकुरा राम्रोसँग पकाएर खाने र उमालेको पानीलाई सफा भाँडोमा छोपेर राखी आवश्यकता अनुसार पिउने गर्नुपर्छ । यसका साथै बासी खानेकुराहरु समेत खानुहुँदैन । खास गरी सडक छेउछाउ बेचिने खानेकुराबाट पनि हैजा फैलिएको देखिएकाले यसतर्फ पनि सबै सावधान रहनुपर्छ । यी कुराहरुमा पर्याप्त सावधानी नअपनाइए हैजाबाट मृत्यु समेत हुने गर्दछ । तसर्थ यसतर्फ सावधानी अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

साथीको नाम मा एक्लोपन, प्रेमको नाम मा हारेको मन र
मिहिनेतको नाम मा थाकेको तन बाहेक केही रहेन ।

*(पदम परियारको फेसबुक स्टाटसबाट www.facebook.com//pariyar.padam)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सोच नकारात्मक, सकारात्मक, आलोचनात्मक कि सिर्जनात्मक ?



**केशव खतिवडा**

शब्द, चित्र वा साङ्केतिक रूपमा व्यक्त हुने मनको अनुभूति वा उपज नै विचार हो । दुई वा दुईभन्दा बढी विचार बिचको सम्बन्धको र तथ्याङ्कको विश्लेषण चिन्तन हो । चिन्तन प्रक्रियाको पहिलो चरण अवधारणा हो । जुन चरणमा विविध पक्षको फरक छुट्टयाइन्छ र तुलना गरिन्छ ।

प्रमाणित हुन बाँकी रहेको पूर्वानुमान परिकल्पना हो । स्वतन्त्र प्रमाणहरूले प्रमाणित गरेको परिकल्पना सिद्धान्त हो । सिद्धान्तको बहुस्वीकृति र स्वीकारोक्ति फिलोसफी हो । यसरी कच्चा विचारको सामाजिक अन्तर्क्रियाद्वारा शुद्धीकरण हुँदै समयको लामो अन्तरालपछि दर्शनको निर्माण हुन पुग्छ ।

**विचारका स्रोत**

विचारका स्रोत बहुआयामिक छन् । त्यसमध्ये महत्त्वपूर्ण स्रोत यस प्रकार छन् । अनुभव : मानिसले जीवनमा भोगेका घटना, सामना गरेका समस्या र चुनौती र उपयोग गरेका अवसरले विचारलाई प्रभावित पार्छ । अर्थात् मानिसमा अनुभवजन्य कारणले विचारको जन्म हुन्छ । वातावरण : विचारको एउटा महत्त्वपूर्ण स्रोत वातावरण हो । मानिस वरिपरिको समग्र अवस्था नै वातावरण हो । प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिकजस्ता वातावरणीय पक्ष र यिनीहरूका बिचमा हुने अन्तर्क्रियाले मानिसको सोचाइमा प्रभाव पार्छ । परिणामस्वरूप मानिसमा निश्चित विचारको जन्म हुन्छ । शिक्षा : शिक्षा विचारको अर्को महत्त्वपूर्ण बौद्धिक स्रोत हो । अध्ययनबाट मानिसले नयाँ-नयाँ ज्ञान प्राप्त गर्दै जान्छ । विभिन्न कोणबाट सोच्छ । यसरी गहिरो अध्ययनको प्रक्रियाले पनि मानिसमा नयाँ-नयाँ विचारको जन्म हुन्छ । सामाजिक अन्तर्क्रिया : मानव समाज नै विचारको सबभन्दा ठुलो भण्डार, प्रयोगशाला र युद्धमैदान हो । समाजमा अनगिन्ती समुदाय, भाषा, धर्म-संस्कृति, वर्ग, क्षेत्र, लिङ्गको सम्मिश्रण रहेको हुन्छ । यिनीहरूका बिचमा हुने अन्तर्क्रिया, अन्तर्विरोध, प्रतिस्पर्धा, सहकार्य, प्रतिद्वन्द्विताजस्ता घटनाले नयाँ विचारको जन्म हुन पुग्छ । जसले मानिसमा सोच्ने, सहकार्य गर्ने, प्रतिस्पर्धा गर्ने वा समस्याको उचित व्यवस्थापन गर्ने क्षमताको विकास हुन्छ । सञ्चार : विगतदेखि नै मिडियालाई राज्यको चौथो अंग मानिन्थ्यो, तर एआईको विकास हुनुअगाडि मिडिया त्यति सशक्त थिएनन्, तर हाल समाचार, पत्रपत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट, इमेलजस्ता सञ्चारका माध्यमद्वारा मानिसले विश्वका घटनाका बारेमा जानकारी प्राप्त गर्ने, सूचना आदान-प्रदान गर्ने, विश्लेषण गर्ने भएको हुँदा यसले मानिसको सोचाइमा प्रभाव पार्नुको साथै नयाँ विचारको जन्म हुन्छ । प्रविधिको विकास : हरेक आविष्कार मानिसको अध्ययन, अन्वेषण तथा खोजको परिणाम हो । नयाँ सोच-विचारले मात्र नयाँ प्रविधिको विकास गर्छ । नयाँ प्रविधिले पुन: नयाँ विचार उत्पन्न गर्छ । मानिसको सोचले इन्टरनेटको आविष्कार गऱ्यो र इन्टरनेटको प्रयोगले मानिसमा नयाँ विचारको बीजारोपण गऱ्यो । यसरी विभिन्न स्रोतबाट उत्पन्न हुने विचारमध्ये देहाय बमोजिमका चार किसिमका विचारबाट मानिस कुनै न कुनै रूपमा प्रभावित भएको पाइन्छ ।

नकारात्मक विचार : असफलता, निराशा, डर, आत्मविश्वासको कमी, आत्मग्लानि, असुरक्षाको अनुभूति तथा समस्याजनित चिन्तनजस्ता मानसिक प्रक्रिया नै नकारात्मक सोच हुन् । नकारात्मक सोचले मानिसको मनोबल घटाउँछ । उन्नति र प्रगतिमा बाधक बन्छ । मनोबलमा कमी आउँछ । समाजमा एक्लोजस्तो हुन्छ । स्वास्थ्यमा समेत नकारात्मक असर पर्छ । यस्तो सोच हुने मानिसले सधैं नकारात्मक सोच्छन् । चाँदीको घेरालाई पनि सेतो बादलको घेरा देख्छन् । प्रतिस्पर्धात्मक क्षमताको विकास नभएका, असफलता बेहोरेका, खराब स्वास्थ्य स्थिति भएका, कमजोर पारिवारिक स्कुलिङबाट आएका मानिसमा यस्तो सोच रहेको पाइन्छ । सकारात्मक सोच : अमेरिकी मनोवैज्ञानिक नर्मन भिन्सेन्ट पिलले सन् १९५२ मा प्रकाशित गरेको 'द पावर अफ् पोजिटिभ थिङ्किङ' नामक पुस्तकमा सकारात्मक सोचबारे उल्लेख छ । यो अवधारणाले मानिसको विश्वासमा शक्ति हुन्छ, सकारात्मक मानसिकता हुनुपर्छ । सकारात्मक सोचले मानिसमा आत्मविश्वास बढाउँछ: तनाव कम गर्छ: निराशाबाट मुक्त बल दिन्छह संघर्ष गर्न प्रेरित गर्छ: डर, त्रास र भयबाट मुक्त हुने आधार दिन्छ: समस्यासँग जुध्न र सफलतापूर्वक सामना गर्न मद्दत गर्दछ ।

सकारात्मक सोच मानिसको ऊर्जा होह यसले शरीर, दिमाग र आत्मविश्वासमा उत्साहको प्रवाह गर्छ । यस्तो सोच भएका मानिस सफल, स्वस्थ, सुखी र राम्रो सामाजिक सम्बन्ध भएका हुन्छन् । अत: सकारात्मक सोच आधुनिक उपचार पद्धति समेत बन्न पुगेको छ । आलोचनात्मक सोच : आलोचनात्मक सोचको जन्म प्राचीन ग्रिस दार्शनिक सुकरात, प्लेटो, अरस्तु आदिबाट भएको पाइन्छ । उनीहरूले आृना शिष्यलाई विभिन्न तरिकाले सोच्न, प्रश्न गर्न, उत्तर दिन प्रोत्साहित गर्दथे । प्लेटोले आृनो पुस्तक रिपब्लिकमा विचार वा सोचलाई विशेष रूपमा वर्णन गरेका छन् । आधुनिक युगमा भने रिचर्ड पाउल, जोन डेबी र कार्ल पोपरजस्ता विद्वान्ले आलोचनात्मक सोचको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् । कुनै पनि सिद्धान्तलाई सही ठहऱ्याउनुभन्दा पनि त्यसलाई गलत साबित गर्न प्रयास गर्नपर्छ, अनि मात्र सिद्धान्त र दृष्टिकोण थप खारिन्छ भन्ने मान्यता अझ कार्ल पोपरले राख्थे । आलोचनात्मक सोचका आधुनिक सिद्धान्तले आलोचनाले मात्र हरेक क्षेत्रमा सुधार र परिवर्तन ल्याउन सक्छ भन्ने ठान्छन् । सारमा आलोचनात्मक विचार भनेको हरेक विषयवस्तु, दृष्टिकोण र घटनाहरूको विश्लेषण गर्ने र मूल्याङ्कन गर्ने प्रक्रिया हो, जस अन्तर्गत तथ्यहरूका आधारमा विश्लेषण गर्ने, जाँच गर्ने, मूल्याङ्कन गर्ने र निष्कर्षमा पुग्ने गरिन्छ । यस्तो सोचले मानिसमा निर्णय क्षमताको विकास हुनुको साथै नयाँ विचारको विकास गर्न सहयोग गर्छ ।

सिर्जनात्मक सोच : हरेक वस्तु वा विचारको जन्म सोचको प्रारम्भिक बिन्दुबाट हुन्छ । विचारका शृङ्खलामध्ये सिर्जनात्मक विचार निकै महत्त्वपूर्ण मानिन्छ । जुन मस्तिष्क मन्थनको हालसम्मको उन्नत प्रक्रिया हो । सिर्जनात्मक सोचले नयाँ-नयाँ विचारको जन्म मात्र दिँदैन, समस्याको प्रभावकारी समाधान पनि गर्छ । सिर्जनात्मक सोचको प्रतिपादन धेरै मनोवैज्ञानिक तथा विचारकहरूको साझा र क्रमबद्ध योगदानबाट भएको हो । जसमध्ये, ग्रामवेल वालस, प्रमुख हुन् । एडवर्ड डी बोनोले सिर्जनात्मक सोचलाई 'ल्याटरल थिङ्किङ'का आधारमा परिभाषित गरेका छन् । उनले मानिसहरू परम्परागत सोचको सीमाभन्दा बाहिर गएर समस्या समाधानका नयाँ तरिका पत्ता लगाउनुपर्नेमा विशेष जोड दिएका छन् । उनले परम्परागत धारणामाथि प्रश्न गरी नयाँ सोचको निर्माण गर्न, विशिष्ट र जटिल समस्याको समाधानका लागि सिर्जनात्मक सोचको प्रयोग गर्न, पुराना विचारमाथि संश्लेषण गरी नयाँ तरिकाले पुन: संयोजन गर्न, विचारलाई चरणबद्ध रूपमा विकास गर्दै लैजान र चमत्कारी सोचको विकास गर्न जोड दिएका छन् । जेपी गिल्फोर्डले सिर्जनात्मक सोचलाई 'डाइभर्जेन्ट थिङ्किङ'को अवधारणाका रूपमा प्रस्तुत गरेका छन् । जुन अवधारणाले मानिसहरूले जीवन र जगतको विभिन्न दिशामा विभिन्न किसिमले सोच्नुपर्नेमा जोड दिएका छन् । यस अवधारणा अनुसार विचारलाई विस्तारित र परिष्कृत बनाउन लचिलो र नवीनतामा जोड दिने, मौलिकतालाई ख्याल गर्नेजस्ता विषय पर्छन् । त्यसैगरी वालसले विषयको गहिरो अध्ययन र अनुसन्धान गर्न मस्तिष्कलाई स्वतन्त्र रूपमा विचार उत्पन्न गर्ने समय र स्वतन्त्रता दिने, मस्तिष्कले समस्या समाधानका लागि पत्ता लगाएको समय र विचारलाई परीक्षण गरी अन्तिम निष्कर्षमा पुग्न जोड दिएका छन् । यसरी सिर्जनात्मक सोचले मानव मस्तिष्कको अभूतपूर्व क्षमताको विकास गर्नुको साथै वर्तमानका समस्याको समाधान खोज्न र गर्न महत्त्वपूर्ण योगदान गर्दछ ।

**सोच कसरी परिवर्तन गर्ने ?**

सोच परिवर्तन गर्नु निकै चुनौतीपूर्ण प्रक्रिया हो, असम्भव भने होइन । सर्वप्रथम सोच परिवर्तनका लागि व्यक्तिलाई म कस्तो सोचबाट गुज्रिरहेको छु भन्ने आत्मानुभूति हुनुपर्छ । किनकि मानिसमा रहेको अहं उसको सबभन्दा ठुलो शत्रु र रोग हो । जसले वास्तविकतालाई स्वीकार गर्न हतपत दिँदैन । सोच परिवर्तनको सबैभन्दा प्रभावकारी उपाय भनेको आत्ममूल्याङ्कन तथा समीक्षा हो, जसले मानिसलाई वर्तमान सोचका बारेमा आत्मानुभूति गराउँछ । अनि मात्र सोच परिवर्तन गर्ने जटिल प्रक्रियातर्फ डोऱ्याउँछ । सोच परिवर्तन गर्ने दोस्रो उपाय निरन्तर अध्ययन हो । अध्ययनबाट मानिसले नयाँ ज्ञान र सूचना प्राप्त गर्छ । जसले मानिसको सोचलाई बृहत् बनाउँछ । नयाँ ठाउँमा जाने, नयाँ मानिससँग अन्तर्क्रिया गर्ने, नयाँ गतिविधिमा समावेश हुनेजस्ता कार्यले पनि मानिसको सोचलाई फराकिलो बनाउँछ र नयाँ दृष्टिकोण प्रदान गर्छ । आृनो हैसियत अनुसारको लक्ष्य निर्धारणद्वारा पनि सोचमा परिवर्तन ल्याउन सकिन्छ । सोच परिवर्तन गर्ने कुनै जादुको छडी छैन । जसका लागि धैर्यताका साथ निरन्तर प्रयास गर्नुपर्छ । सोच परिवर्तन गर्दा हुन सक्ने जोखिमलाई वहन गर्न सक्ने क्षमताको विकास गर्नुपर्छ । किनकि सोच परिवर्तन गर्दाको प्रारम्भिक अवस्थामा निकै ठुलो प्रतिकूलताको सामना गर्नुपर्छ । जसका लागि मानसिक रूपमा तयार रहनुपर्छ । ध्यानले पनि सोच परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । सोच परिवर्तन भन्नाले नकारात्मकबाट सिर्जनात्मकतर्फको सोचको यात्रालाई जनाउँछ ।

**विचारको प्रयोग**

मानवीय जीवन र राष्ट्रिय जीवनका प्रत्येक गतिविधि वा क्रियाकलापमा कुनै न कुनै रूपमा विचारको प्रयोग भएको हुन्छ । विचार व्यक्तिले बोकेको हुन्छ भने व्यवहार व्यक्त गरेको हुन्छ । असल विचारले असल व्यवहार र खराब विचारले खराब व्यवहार निर्माण र व्यक्त गर्छ । विचारले व्यक्तिको सैद्धान्तिक पक्षको प्रतिनिधित्व गरेको हुन्छ भने व्यवहारले त्यसको कार्यान्वयन पक्षको प्रतिनिधित्व गरेको हुन्छ । विचार र व्यवहार एक-अर्काका परिपूरक हुन् । विचार एउटा सिङ्गो मान्यता हो भने कुनै घटनासँग सम्बन्धित क्रियाकलाप व्यवहार हो । विचारको प्रयोग हरेक क्षेत्रमा हुने भए पनि मुख्य गरी सामाजिक परिवर्तन, नीति निर्माण र अनुसन्धानको क्षेत्रमा हुने विचारको प्रयोगले सर्वाधिक महत्त्व राख्छ । हरेक सामाजिक परिवर्तनमा विचार, समर्पण र त्यागको भूमिका हुन्छ । विचारको हत्या जीवनको हत्याभन्दा सायद पीडादायी हुन्छ । त्यसैले सामाजिक परिवर्तनका नायकले विचारको हत्याभन्दा गोलघरको वास र आत्म बलिदानलाई हाँसीहाँसी स्वीकार गर्छन् । अनुसन्धान नयाँ ज्ञानको खोजी र आविष्कारको जननी हो । जसअन्तर्गत परिकल्पना गर्ने, तथ्याङ्कहरूको सङ्कलन गर्ने र विश्लेषण गरी तार्किक निष्कर्षमा पुग्न विचारको प्रयोग गरिन्छ । नीति निर्माणमा प्रयोग हुने विचारले मुलुकको अर्थ-राजनीतिक, प्रशासनिक, परराष्ट्र, शिक्षा, स्वास्थ्य, कला, संस्कृति, योजना, व्यवसायजस्ता क्षेत्रमा कसरी समयानुकूल तथा समसामयिक सुधार गर्ने र देश र जनताको विकास र समृद्धिका लागि उपयुक्त नीति निर्माण गर्न विचारको सर्वोत्तम प्रयोग अपरिहार्य छ, तर सिर्जनात्मक विचारले मात्र सामाजिक परिवर्तन नयाँ नीति निर्माण र अनुसन्धान सम्भव हुन्छ ।

***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : शुभ यात्राको योग छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई लाभ हुनेछ ।

**वृष** : व्यावसायिक जीवनमा सुधार आउनेछ । कार्यबाट सफलता मिल्नेछ ।

**मिथुन** : आज नयाँ सवारी साधन प्राप्तिको योग छ । छोटो यात्रा पनि हुनेछ ।

**कर्कट** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । मनमा उमङ्गको सिर्जना हुनेछ ।

**सिंह** : आज प्रेम सम्बन्ध कसिलो होला । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कन्या** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्त सँग भेटघाट पनि रहला ।

**तुला** : आज नयाँ कमको थालनी हुनेछ । अचल सम्पत्ति पनि हात पर्ला ।

**वृश्चिक** : गरेको काममा सफलता हात पर्ने सम्भावना छ ।

**धनु** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउने छ ।

**मकर** : आज आँटिका कार्य पुरा होला । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कुम्भ** : काममा सफलता मिल्नेछ । दाम्पत्य सुखले प्रसन्न पनि भइनेछ ।

**मीन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ ।

# साहित्य दर्पण

निबन्ध — कमल रिजाल

## उपलब्धि



उपलब्धि भनेको काम पूरा भएपछि पाइने फल हो । तपाईंले कुनै काम गर्नुभएको थियो पूरा गर्नुभयो । त्यसपछि जुन प्रतिफल प्राप्त हुन्छ त्यही नै उपलब्धि हो । आउनुस् एक छिन यो कस्तो र कति किसिमको हुन्छ विश्लेषण गरौं ।

उपलब्धि अनेक किसिमका हुन्छन् । आत्मिक उपलब्धि, पारमार्थिक उपलब्धि, आध्यात्मिक उपलब्धि, भौतिक उपलब्धि, आर्थिक उपलब्धि, बौद्धिक उपलब्धि, वैचारिक उपलब्धि, शैक्षिक उपलब्धि, प्रशासनिक उपलब्धि, राजनीतिक उपलब्धि, सामाजिक उपलब्धि, सार्वजनिक उपलब्धि, वैधानिक उपलब्धि, अवैधानिक उपलब्धि यस्तैयस्तै । तथापि मूलत: व्यक्तिगत उपलब्धि, सामूहिक उपलब्धि र उभयमुखी उपलब्धि गरी तीन किसिमले अर्थ्याउन सकिन्छ ।

यिनमा राजनीतिक, सामाजिक र सार्वजनिक उपलब्धि सामूहिक उपलब्धिमा पर्छन् भने यस बाहेकका उपलब्धि व्यक्तिगत उपलब्धिमा पर्छन् तर अवैधानिक उपलब्धि भने व्यक्तिगत पनि हुन सक्छ, सामूहिक पनि हुन सक्छ । अत: यस्ता उपलब्धि उभयात्मक उपलब्धिमा पर्न पुग्छन् । यीमध्ये यहाँ व्यक्तिगत उपलब्धिलाई लिइएको छ । यसलाई पनि तपाईं आत्मकेन्द्रित, परकेन्द्रित र तटस्थ गरी तीन किसिमले अर्थ्याउन सक्नुहुन्छ । यीमध्ये आत्मकेन्द्रित उपलब्धि नितान्त व्यक्तिसित सम्बन्धित हुन्छ । जसले मिहिनेत गर्छ उसैले प्रतिफल पाउँछ, जसले पढ्छ उही पास हुन्छ, जसले खेतीपाती गर्छ उसले फसल उमार्छ, जसले पशुपालन गर्छ उसैले दूध, दही, घ्यु र मासु बेचेर पैसा कमाउँछ ।

मानिलिनुस् तपाईं कुनै बैंकको मालिक हुनुहुन्छ । बैंकले प्रशस्तै पैसा कमायो । वर्षमै करोडौं नाफा गऱ्यो । त्यो पैसा कसको ? तपाईंकै त हो । यद्यपि यसमा धेरै मानिसको योगदान रहेको हुन्छ । धेरैले मिहिनेत गरेका हुन्छन् । कर्मचारीको हुन्छ, मजदुरको हुन्छ, धितो राख्ने सज्जनको हुन्छ, ऋण लिने सज्जनको हुन्छ, साहुको हुन्छ, आसामीको हुन्छ, बचत कर्ताको हुन्छ । उनीहरूको योगदानकै कारण बैंकले नाफा गरेको हो, नाफा कमाएको हो तर समग्रमा त्यसको उपलब्धि तपाईंकै हुन्छ, तपाईंकै मानिन्छ, तपाईंकै ठहर्छ । हुन सक्छ तपाईं व्यापारी हुनुहुन्छ । फुटकर बिक्रेता पनि हुन सक्नुहुन्छ, थोक बिक्रेता पनि । दाल, चामल, चिनी, दलहन, खाद्यान्न, जस्तापाता, स्टिल, सिमेन्ट, छड व्यवसाय जे को पनि हुन सक्छ । तपाईंको व्यापार फस्टायो वर्षकै लाखौं कमाइ भयो, करोडौं कमाइ भयो । यहाँ पनि योगदान सबैको हुन्छ । सबैभन्दा बढी योगदान ग्राहकले दिएका हुन्छन् तर त्यसको फाइदा तपाईंको व्यक्तिगत हुन्छ । कृषक हुनुहुन्छ भने पनि त्यस्तै हो । मल, जल, काम गर्ने मानिस, क्रेता, बिक्रेता सबैको योगदान रहेको हुन्छ तर पनि त्यसको उपलब्धि भने तपाईंको नितान्त व्यक्तिगत हुन्छ । तपाईंले कुखुरा पाल्नुभएको छ भने अरूले अन्डा र मासु किनिदिएर नै तपाईंको व्यापार फस्टाएको हो नि होइन र ? तथापि मूलमा फाइदा भने तपाईंकै भइरहेको हुन्छ । पशुपालन हुनुहुन्छ भने पनि त्यस्तै हो । यसमा पनि अन्य धेरै मानिसको योगदान रहेको हुन्छ । घाँस, कुँडो गर्ने मानिसको योगदान होला, उत्पादनलाई बजारसम्म पुऱ्याउने मानिसको योगदान होला, बजारमा खरिदबिक्री गर्ने मानिसको योगदान होला तर उपलब्धि भने तपाईंको नितान्त व्यक्तिगत भइरहेको हुन्छ । यद्यपि व्यापार व्यवसायबाट फाइदा नै हुन्छ भन्ने छैन । यदाकदा घाटा हुन पनि सक्छ, नोक्सान हुन पनि सक्छ तर त्यो पनि उपलब्धि नै हो, तपाईंले व्यापार, व्यवसाय गर्न नजान्दाको उपलब्धि । यसै पनि तपाईंले व्यापार घाटा खानका लागि गर्नुभएको थिएन । नाफा कमाउनकै लागि गर्नुभएको थियो । तपाईंले नजान्दा नै घाटा खानुपरेको हो । व्यापार व्यवसायबाटै घाटा खानुपर्ने हो भने त अरूले पनि खानुपर्ने हो, अरूलाई पनि घाटा हुनुपर्ने हो तर अरूलाई भएन, तपाईंलाई मात्रै भयो भने मान्नुपर्ने हुन्छ तपाईंकै कारण भएको हो, तपाईंकै ढङ्ग नपुगेर भएको हो । विद्यार्थी हुनुहुन्छ भने पनि अवस्था त्यस्तै हो । तपाईं कुशल विद्यार्थी हुनुहुन्थ्यो राम्रोसित परीक्षा उत्तीर्ण गर्नुभयो र राम्रो ठाउँमा जागिर पाउनुभयो तपाईंको भविष्य सप्रियो । यो तपाईंको व्यक्तिगत उपलब्धि हो तर यसमा पनि धेरैको योगदान रहेको हुन्छ । शिक्षकको हुन्छ, विद्यालयको हुन्छ, विद्यालय व्यवस्थापनको हुन्छ, अभिभावकको हुन्छ । किताब, कपी, कम्प्युटरको हुन्छ, तिनका उत्पादक तथा व्यवस्थापकको हुन्छ तर पनि उपलब्धि भने तपाईंकै व्यक्तिगत नै हुन्छ । शिक्षक हुनुहुन्छ भने पनि त्यस्तै हो । तपाईंको उन्नति र प्रगतिमा सबैको योगदान रहेको हुन्छ । विद्यार्थीको हुन्छ, विद्यालयको हुन्छ, व्यवस्थापकको हुन्छ तर उपलब्धि भने व्यक्तिगत हुन्छ, तपाईंको हुन्छ । कर्मचारी हुनुहुन्छ भने पनि त्यस्तै हो । सरकारको योगदान छ, कर तिर्ने जनताको योगदान छ, कार्यालयको योगदान छ, स्कुल, क्याम्पसको योगदान छ । शिक्षकहरूको योगदान छ । तब न त्यहाँ पुग्नुभएको हो तर त्यसबाट जे जति उपलब्धि हासिल गर्नुभयो ती सबै तपाईंको व्यक्तिगत भयो । एवंरीतले केलाउँदै जानुभयो भने हरेक क्षेत्रमा यही नियमले काम गरेको पाउनुहुन्छ । त्यस्तै जुन कामबाट अरूलाई फाइदा हुन्छ त्यो परकेन्द्रित उपलब्धि हो । मानौं कसैले कलकारखाना चलाएको छ, उद्योग धन्दा खोलेको छ, व्यापार, व्यवसाय चलाएको छ । यसमा जोजसले सहयोग गरेका हुन्छन् तिनले पाउने फाइदा वा श्रेय नै परकेन्द्रित उपलब्धि हुन् । एवंरीतले केलाउँदै जानुभयो भने यहाँ पनि यही नियमले काम गरेको पाउनुहुनेछ । जहाँसम्म तटस्थ उपलब्धिको कुरा छ त्यसको कुरा भने बेग्लै छ । व्यक्ति विशेष, समाज विशेष वा देश विशेषकै कुरा गर्दा पनि प्रत्यक्ष लाभ, हानि केही पनि नहुने उपलब्धिलाई तटस्थ उपलब्धि भनिन्छ । उपलब्धि त हो तर कसैलाई पनि प्रत्यक्ष लाभ नभएका वा नहुने विषय यसमा पर्छन् । यस्ता उपलब्धि सजातीय र विजातीय गरी दुई किसिमका हुन्छन् । एउटै जातिसित सम्बन्धित उपलब्धि सजातीयमा पर्छन् । अर्को जातिसित सम्बन्धित उपलब्धि विजातीयमा पर्छन् । सजातीय उपलब्धि पनि व्यक्तिगत, सामूहिक र अन्तर्देशीय गरी तीन किसिमका हुन्छन् । एवं रीतले केलाउँदै जाने हो भने उपलब्धिका अनेक स्वरूप र किसिम रहेको प्रस्टै अनुभूत गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*

## 'एक्लो बिहान'



बिमला पाण्डे

न म एउटा धुप हुँ,
यति बुझ्नु तिमी
म एउटा रूप हुँ ।

खै किन कहिले किन मेटिन्न,
जति खोज म नजिक भेटिन्न ।।

उज्यालोले मलाई अंगालो हाल्छ,
सुर्यले पनि त एक्लो भनि गिज्याउन थाल्छ ।

तिमी जम्छौं मस्त निद्राको सिरानीमा,
म एक्लै छु जहिले सुनौलो बिहानीमा ।।

थोरै समय देउ, उठ नियालेर हेर,
धामले तिमीलाई बोलाएछ अब त कोल्टे फेर ।

सुन्दर डाँडा पाखा म हेर्दै हराउँन्छु ,
कोहीं त साथी बन भन्छु निकै डराउन्छु ।।

थोरै पाइला चाल तिमी म तिमीलाई जगाउन्छु ,
स्वच्छ हावाको लहरसंगै आनन्दमा बगाउन्छु ।

अस्तित्वमा छु हराउदिन तिमीले खोज्नु,
मनको बह पोख्नु परे सुनौलो किहान रोज्नु ।।

समीक्षा — हेम भण्डारी

## यथार्थ र मौलिकताको अभिव्यञ्जना 'खोक्पा'




पुस्तक समीक्षा

जहाँ कथाकार पात्रलाई स्वतन्त्र छोडी पात्रका पछि हिँडेका छन्, त्यहाँ कथाको संरचनागत अस्तित्व सबल बन्न पुगेको छ । बूढो रूख कथालाई यसको दृष्टान्त मान्न सकिन्छ ।

नेपाली कथामा गुरुप्रसाद मैनालीले सामाजिक यथार्थ र आदर्शको उद्घाटन तथा मार्गदर्शन गरेपछि कथाको संरचना, शैली र स्वरूप परिवर्तन भएको इतिहास हामीसित सुरक्षित छ । आधुनिक कथालेखनको यस जगमा उभिएर धेरै कथाकारले इमानदार प्रयत्न गरेको वस्तुसत्यलाई नजरअन्दाज गर्न मिल्दैन । त्यहाँदेखि यहाँसम्म भइरहेका प्रयत्नमा डी.आर.को 'खोक्पा' पनि थपिएको छ ।

११ थान कथा संग्रहित उनको कथाकृति पढ्दा नेपाली समाजको वस्तुयथार्थको चित्रण उनको रुचिक्षेत्र भएको थाहा लाग्दछ । कथाहरूको अन्त्यमा आदर्शको स्थापना गरी गुरुप्रसाद मैनालीको आदर्शोन्मुख यथार्थवादी रीतिक्षेत्रलाई कथाकारले भुलेका छैनन् । उनले वर्तमान नेपाली समाजका अनेक विकृतिसित लड्ने हतियारका रूपमा कथालाई प्रयोग गरेका छन् । डी.आर.का कथामा मूलत: प्रकृति, पहिचान र प्रतिरोध प्रकट भएको पाइन्छ । आफूले बाल्यकाल बिताएको धरातलमा देखिएको पर्यावरणीय प्रदूषण, जलवायु परिवर्तनले ती क्षेत्रमा पारेको असर, आर्थराजनीतिक कुसङ्केतन सिर्जित प्राकृतिक विपत्ति, विकासका नाममा भएको प्रकृतिविनाश जस्ता विषय प्रस्तुत गरी कथाको फाँट विस्तार गरिएको छ । यी कथामा प्राकृतिक सङ्कटका कारण कृषिक्षेत्रले बेहोर्नु परेको क्षतिको लेखाजोखा गरिएको छ । वैदेशिक रोजगारीको संस्कृतिका कारण सिर्जित विकृति र त्यसका पृष्ठाधारमा निर्मित पारिवारिक विखण्डनको स्थिति विश्लेषण गरी नेपाली समाजको समीक्षा गरिएको छ ।

हाम्रो समाजको लाहुरे संस्कृतिलाई विकास तथा निर्माणका कोणबाट समेत चिन्न ढिलो गर्न नहुने आग्रह गरिएको छ । लाहुरेहरूलाई देशभित्र लगानीको उचित वातावरण तयार गरिदिन सके विकासका लागि कसैसित हात फैलाउनु नपर्ने सन्देशका साथ विकासमा युवावर्गको अपरिहार्य सहभागिताको सन्देश अघि सारिएको छ । डी.आर.का कथामा प्रकृति र मानिसका बीचको अन्तर्सम्बन्धका पृष्ठाधारमा प्रकृतिको महिमागान गाइएको छ । बूढो रूख कथामार्फत वनस्पतिसित जोडिएको मानव जातिको युगौं पुरानो सम्बन्ध केलाइएको छ । घरपालुवा प्राणीसित कायम भएको मानिसको सम्बन्धको विषय उठान गरी प्रकृति र मानिसका बीचको सम्बन्धको पृष्ठभूमि, यथार्थ, आवश्यकता र परिणामको समीक्षा गरिएको छ । जातीय संस्कृति, भाषा, लबज, पहिरन, परिकारजस्ता पक्षको उद्घाटन गरी पहिचानको सन्दर्भमाथि प्रकाश पारिएको छ । पर्यावरण प्रदूषण, रुखबिरुवा संरक्षण, सामाजिक विकृतिविरुद्धको आदर्श, अप्राकृतिक व्यवहार सिर्जित दुर्दशा, विघटित सामाजिक मूल्यमान्यता, कृत्रिमताले भित्र्याएको विकृतिजस्ता विषयगत पक्षमा प्रतिरोधी आवाज अभिव्यञ्जित भएको पाइन्छ । वर्गीय, जातीय तथा लैङ्गिक प्रतिरोध भने साङ्केतिक रूपमा मात्र अभिव्यक्त भएको देखिन्छ । कथामार्फत ग्रामीण इलाकामा विकासका नाममा भित्रिएको आधुनिकता र त्यसका कारण सिर्जित प्रकृतिविनाशको अवस्थालाई प्रष्ट पारिएको छ । बूढो रुख कथामा सपना पालेर राजधानीको जीवन पछ्याइरहेको दीपेन्द्र आफ्नो जन्मभूमि पुगेको छ । उसले उजाडिँदै गएको प्रकृति अवलोकन गर्ने अवसर प्राप्त गरेको छ । उसले फुर्के तथा छिर्केजस्ता प्राणघातक रोगको सिकार भई अस्तित्व सङ्कटमा परेको अलैंचीखेतीको अवस्था अध्ययन गरेको छ । यस्तो दृश्य अवलोकन गर्न बाध्य भएपछि दीपेन्द्र भन्छ - 'खोल्साखोल्सी र सेपिलो ठाउँका अलैंची बगानहरू खै त ? पाँच वर्षअघि फुर्के रोग लाग्दै थियो, अहिले त सिनिक्कै पारेछ रोगले' ( पृ.९) । दीपेन्द्रको अभिव्यक्तिमा जलवायु परिवर्तनको असर प्रकटित छ । प्रस्तुत कथांशमा एकातिर पर्यावरणीय चेतनाको विषय प्रकटित छ भने अर्कातिर साहित्य मार्फत हाम्रो कृषिको समीक्षा गरिएको छ । दीपेन्द्र पात्रको यस अभिव्यक्तिमा नेपाली साहित्यमा फस्टाउन नसकेको कृषिलेखनतर्फ प्रवृत्त हुनका लागि स्रष्टाहरूलाई साङ्केतिक दबाब सिर्जना गरेको छ । कथामा दीपेन्द्रले हरियाली विनाशको कारण पनि प्रस्ट पारेको छ ।

दीपेन्द्र भन्छ - 'वारिपारि देखिने जङ्गलका त्यत्रा रुखहरू काटेर सखाप ! चौतारीको एक साइडमा रूखका मुडाहरू डङ्गुर थुपारिएका । उतै काठमाडौं हुँदा सुनेको थिएँ, गाउँमा गोलियाको व्यापार खुब चलेको छ भनेर । तर हरियो वन मासेर स्वाहा' ( पृ.१०) । दीपेन्द्रका माध्यमबाट पर्यावरण प्रदूषणमा पूँजीवादी अर्थसंस्कृतिले खेलेको भूमिकाको मूल्याङ्कन गरिएको छ । उद्धृत दृष्टान्तमा पर्यावरण विनाशको कारणका रूपमा आर्थिक कुसङ्केतनको अवस्था पनि प्रतिबिम्बित भएको पाइन्छ । मानिसले आफ्ना कार्यमा सहयोग होओस् भन्ने अभिप्रायले आवश्यकतालाई मध्यनजर गर्दै जङ्गलबाट प्राणीहरूलाई के, कसरी र कहिले घरमा ल्यायो भन्ने विषय अनुसन्धान र बहसको अलग पाटो हो । गाई, भैंसी, घोडा, भेडा, बाखा, कुकुर, बिरालोजस्ता थुप्रै पशु तथा हाँस, कुखुरा, परेवाजस्ता पक्षीसित मानिसको सम्बन्ध युगौं पहिले कायम भएको अनुमान गर्न सकिन्छ । यस्ता प्राणीलाई मानिसले आफ्नो स्वार्थसिद्धिका निम्ति अधिक प्रयोग गरेको देखिन्छ । प्रस्तुत कथाकृतिमा 'लङ्गडो साथी' शीर्षकको कथामार्फत घोडासँग जोडिएको मानिसको युगौं पुरानो सम्बन्ध केलाइएको छ । नेपाली समाजमा घोडा खेपेर जीविकोपार्जन गर्ने श्रमिक वर्गको यथार्थ यस कथामा उद्घाटन गरिएको छ । कथामा पूर्वी पहाडी इलाकाका घोडावालको कथा प्रस्तुत गरी श्रमिक वर्गको जीविकोपार्जनसित जोडिएको घोडाको श्रमको विषयलाई प्रष्ट पारिएको छ । नेपाली साहित्यमा पौराणिक तथा लोकसाहित्यको अधिक प्रभाव देखिन्छ । आधुनिक साहित्य तिनै साहित्यका जगमा उभिएको मानिन्छ । यसरी हेर्दा पौराणिक आख्यानको श्यामकर्ण घोडा तथा लोकआख्यानको वायुपङ्खी घोडा नै हामीले हाम्रो साहित्यमा प्राप्त गरेका प्रारम्भिक घोडाहरू हुन् । आधुनिक नेपाली साहित्यमा कर्नेलको घोडा, लट्टू मियाँको घोडी, उर्गेनको घोडा, अश्वमेध यज्ञका घोडाहरू, बुधनको घोडी आदि शीर्षकका कृति-रचना सार्वजनिक भएका छन् । हाम्रा कथाभित्र शासक र शासितका घोडाहरू थुप्रै अटाएका छन् । यस्ता घोडाहरू शासक वर्गको प्रभुत्व विस्तारको माध्यम तथा श्रमजीवीवर्गको श्रमसारथिका रूपमा चित्रित छन् । 'लङ्गडो साथी'मा श्रमजीवीवर्गलाई साथ दिने घोडाको विषय टिपिएको छ । टीके र साथी नामका घोडाले कर्णको वर्गीय लडाइँमा साथ दिएका छन् । घाइते भएको साथीले प्रतिकूल परिस्थितिमा पनि कर्णको भातको सपनालाई पूर्णता दिएको छ । कथाकार भन्छन् - 'एक खुट्टाको पूरा भर नभए पनि साथीले कर्णको परिवारको अभाव र जिम्मेवारीलाई पूरा गर्दै गयो । खुट्टा खोच्याउँदै भए पनि उसले आफ्नो धर्म छोडेन । केही वर्षहरू भारी बोकेरै निभायो । साथीको कमाइका कारण छोराछोरीहरू हुर्के, बढे र पढे । खरको छानालाई च्यादरले विस्थापित गर्यो ।' (पृ.१४७) । उद्धृत कथांशमा प्राणी र मानिसका बिचको सम्बन्ध चित्रित छ । प्रस्तुत कथाको सन्देश यस कथाकृतिको पहिलो कथा बूढो रुखसित जोडिएको छ । बूढो रुख कथामा वनस्पतिसित जोडिएको मानिसको सम्बन्ध उद्घाटित छ । यसबाट वनस्पतिको अपरिहार्यताको विषय प्रस्टिएको छ । यस संग्रहको अन्तिम कथा लङ्गडो साथीमा मानवीय अस्तित्वरक्षाका निम्ति अद्वितीय योगदान दिने प्राणीको विषय प्रस्तुत छ । यी दुवै कथामा ध्वनित वैचारिकता र सन्देशलाई नियाल्दा प्रथम कथा अन्तिम कथामा पुगी पूर्ण भएको छ । 'मानवीय अस्तित्वरक्षामा प्रकृतिले खेलेको भूमिका' नै यी दुवै कथाको मुख्य भावभूमि हो । यसमा पर्यावरणीय चेतनाको ध्वनि गुञ्जिएको पाइन्छ ।

नेपाली समाजको वास्तविकता चित्रण गरी समाज सुधारको आदर्श स्थापना गर्न सबल देखिएका डी.आर.का कथाका जरा सतहमा सघन देखिए पनि गहिराइमा पुग्न भने सकेका छैनन् । उनका कथामा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, पर्यावरणीय आदि कुसङ्केतनलाई यथेष्ट स्थान दिइए पनि उत्पन्न असरको वैचारिक समीक्षा हुन बाँकी नै छ । पर्यावरणीय विषयलाई प्रस्फुटन गरे पनि समाधान हुन सकेको छैन । श्रमजीवी वर्गको श्रमसारथिका रूपमा चित्रित घोडाको कथामा राज्यकोषबाट पालित-पोषित घोडा र त्यसका माध्यमबाट विकसित प्रभुत्वको सङ्कथनमा कथाकार पुगेका छैनन् । जहाँ कथाकार पात्रलाई स्वतन्त्र छोडी पात्रका पछि हिँडेका छन्, त्यहाँ कथाको संरचनागत अस्तित्व सबल बन्न पुगेको छ । बूढो रूख कथालाई यसको दृष्टान्त मान्न सकिन्छ ।

अन्य कथाका पात्रहरू कथाकारको नियन्त्रणमा गुज्रिएका छन् । आदर्श स्थापना गर्ने नाममा कथाको नाटकीय अन्त्यले कथाको मौलिकतालाई बिथोलेको देखिन्छ । कथाहरू विवरणात्मक र व्याख्यात्मक भइदिंदा बोझिला बन्न पुगेका छन् । कथा साहित्यिक विधा भएकाले साहित्यिक सौन्दर्ययुक्त भाषाको स्वभाविक अपेक्षा गरिन्छ । समकालीन कथालेखन पत्रकारिताको भाषाबाट अत्यधिक प्रभावित छ । यस संग्रहका कथाहरू पनि त्यस प्रभावबाट मुक्त हुन सकेका छैनन् । तथापि माटोको सुगन्ध प्रकट भएका यी कथामा जनजातीय लबजको सुन्दर भाषिक अनुगुञ्जन पाइन्छ । यस्तो मौलिकतालाई जगेर्ना गर्दै कथामा वैचारिक सामर्थ्यको जरालाई सतहबाट गहिराइतर्फ पठाउनु जरुरी छ । कथाको कसिलो अस्तित्व विकास गर्न बनोट र बुनोटमा पर्याप्त सचेतनाको आवश्यकता पर्छ । विचारको मजबुतीका जगमा कथायात्रा अघि बढ्ने सङ्केत गरेको छ ।

*-साहित्यपोष्ट डटकम*

# महिलाको व्यक्ति र नेतृत्वमा पाल्पा जेसिजको अभियान

**कृष्ण पोखरेल**

**पाल्पा,** साउन ११/पाल्पा जेसिजले सञ्चालन गरेको महिलाहरुको व्यक्तित्व र नेतृत्व विकास एक हप्ते अभियान सकिएको छ । साउन ४ गतेदेखि सञ्चालन भएको जेसिज सप्ताह साताव्यापी कार्यक्रम गरी सकिएको हो ।

शासन व्यक्तिको होईन विधीको हुनुपर्दछ भन्ने मुल नाराका साथ शुरु भएको जेसिज सप्ताहबाट तानसेन नगरपालिकाको वडा नं. १ देखी ७ सम्मका टोलविकास संस्थामा आवद्ध महिलाहरु प्रत्यक्ष लाभान्वित भएका छन् । कार्यक्रममा नगरपालिकाको ७ वटा वडाका टोल विकास संस्थाका महिलाहरुको व्यक्ति, नेतृत्व विकास र उनीहरुलाई उद्यमशिलतामा अग्रसर बनाउने गरी प्रशिक्षकहरुले प्रशिक्षण दिएका थिए । महिलाहरुलाई क्षमतावान बनाउने, आफ्ना कुरा निर्धक्कसँग राख्न सक्ने गरी क्षमता बढाउने, हरेक विषयबस्तुमा वादविवाद गर्न सक्ने बनाउने, एकले अर्को प्रति प्रश्न गर्न सक्ने बनाउने गरी प्रशिक्षण केन्द्रित रहेको पाल्पा जेसिजका अध्यक्ष अर्जुन कार्कीले बताए । कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले हरेक व्यक्तिलाई क्षमतावान बनाउने, शिक्षित बनाउने, आयआर्जनमा क्रियाशिल बनाउने ३ वटै सरकारको दायित्व भएकाले तानसेन नगरपालिकाले पाल्पा



जेसिजसँग मिलेर नगरका महिलाहरुको व्यक्तित्व, नेतृत्व र उद्यमशिलताको विकासमा ध्यान दिएको बताए ।

कार्यक्रममा तानसेन नगरपालिका- ३ का अध्यक्ष बाबुरत्न शाक्यले महिलाहरुले लिएको तालिम व्यवहारमा पनि ल्याउनु पर्नेमा जोड दिए । जेसिजले गरेको कार्यक्रमले महिलाहरुमा आत्मविश्वास बढाएको बताए । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले तानसेनका टोलविकास संस्थाहरुमा नगरको विकासलाई उच्च स्थानमा पुर्याउने क्षमता र जोशजागर भएपनि उनीहरुलाई नगरपालिकाले पूर्ण रुपमा प्रयोग गर्न नसकेको बताए । कार्यक्रममा पाल्पा जेसिजका पूर्व अध्यक्ष बुद्धि प्रसाद शर्माले पाल्पामा जेसिजले युवाहरुको क्षमता विकासमा सधै क्रियाशिल भएर काम गर्दै आएको बताए । कार्यक्रममा प्रमुख प्रशिक्षक कला दाहाल, सहभागी सन्ध्या शाक्यले जेसिजको एक हप्ते कार्यक्रम निकै प्रभावकारी भएको बताए । संस्थाका अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता , कार्यक्रमका संयोजक विनय खातीको स्वागत, मुल समारोह समितिका संयोजक विवेककाजी शाक्यको सञ्चालनमा समापन कार्यक्रम भएको थियो । कार्यक्रममा नगरका ७ वटै वडा बाट ५ सय भन्दा बढी महिलाहरु सहभागी भएका थिए । कार्यक्रममा प्रशिक्षक कला दाहाल र एञ्जिला खनालले सहजीकरण गरेको जेसिजले जनाएको छ ।

# बैंकदर घटाउनेदेखि...

...त्यस्तै, चालु आवको बजेटले कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति लिएकामा त्यसलाई कार्यान्वयनका लागि राष्ट्र बैंकले पहल गरेको छ ।

युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुर्याउन सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ त्यस्तै, सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि राष्ट्र बैंकले सरकारलाई सहयोग तथा समन्वय गर्ने भएको छ । सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएको बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारलाई सहजीकरण गर्ने पनि मौद्रिक नीतिमा उल्लेख छ ।

मौद्रिक नीतिले उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुनेगरी नियामकीय व्यवस्था गरेको छ । समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्नेगरी कर्जा प्रवाहलाई सहज बनाउन मौद्रिक नीति र नियामकीय नीतिबीच तादात्म्यता कायम गरिएको गभर्नर अधिकारीले जानकारी दिए ।

चालु आर्थिक वर्षको बजेटमा सरकारले अनुमान गरेबमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गर्ने मौद्रिक नीतिको लक्ष्य छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### बङ्लादेशलाई हराउँदै भारत फाइनलमा



**काठमाडौं,** साउन ११/बङ्गलादेशलाई हराउँदै भारत एसीसी महिला एशिया कप टी-२० क्रिकेटको फाइनलमा पुगेको छ । शुक्रबार भएको खेलमा बङ्गलादेशलाई १० विकेटले हराउँदै भारत उपाधि नजिकै पुगेको हो ।

बङ्गलादेशले दिएको ८१ रनको लक्ष्य भारतले ११ ओभरमा १ विकेट पनि नगुमाई भेटायो । भारतकी स्मृति मन्धानाले ५५ र शफाली वर्माले २६ रन बनाइन् । यसअघि श्रीलङ्काको दम्बुलामा टस जितेर ब्याटिङ गरेको बङ्गलादेशले २० ओभरमा ८ विकेट गुमाएर ८० रन बनायो । बङ्गलादेशकी कप्तान निगर सुल्तनाले सबैभन्दा धेरै ३२ रन बनाइन् । भारतकी रेनुका सिंह र राधा यादवले समान ३ विकेट लिइन् । सन् २००४ देखि शुरु भएको प्रतियोगितामा भारत हरेक संस्करणको फाइनलमा पुगेको छ । यस अवधिमा भारत सात पटक उपाधि जित्दा एक पटक उपविजेता बनेको छ । सन् २०१८ को फाइनलमा भारत बङ्गलादेशसँग पराजित भएको थियो । महिला एशिया कप क्रिकेटको दोस्रो सेमिफाइनलमा आजै राति श्रीलङ्का र पाकिस्तान खेल्दैछन् । यो खेल दम्बुलामा बेलुकी सवा ७ बजे शुरू हुनेछ । नवौँ संस्करणको प्रतियोगिताको फाइनल खेल पर्सि आइतवार हुँदैछ ।


वर्गिकृत डिस्प्ले

१ X ५
साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः
०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधामा वृद्धि



**काठमाडौँ,** साउन ११/ड्राफ्ट/टिटीको माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधामा वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले ती माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ ।

'डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्स' को माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिएको छ । नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिएको छ । नीतिले विप्रेषण आप्रवाह, भ्रमण, व्यापार लगायतका क्रियाकलापलाई थप सहज हुने गरी सटही गर्न सकिने विदेशी मुद्राहरुको विद्यमान सूची पुनरावलोकन गर्ने लक्ष्य राखिएको छ । सेवा आयातवापत बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने विद्यमान सटही सीमालाई वार्षिक र क्षेत्रगत रुपमा तोकी यससम्बन्धी व्यवस्थालाई सहजीकरण गर्ने लक्ष्य राखिएको छ । सरकारका निकायलाई सार्वजनिक खरिद कानुनबमोजिम गरिएको खरिदको भुक्तानीको लागि आवश्यक पर्ने सटही सुविधामा ड्राफ्ट/टिटी.को सीमा लागु नहुने एवम् एकभन्दा बढी भुक्तानीको माध्यम प्रयोग गर्न सक्ने गरी सहजीकरण गरिने व्यवस्था गरिएको छ । सुन आयात तथा बिक्री वितरण सम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन गर्ने र चाँदी आयातको विद्यमान व्यवस्थामा समसामयिक पुनरावलोकन गर्ने नीति लिइएको छ । *-रासस*


**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

**- आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**

**- फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**

**- प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई